# चिशंखुगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सेर्ना, ओखलढुंगा
कोशी प्रदेश, नेपाल

पत्र संख्याः २०८१/०८२ | मिति : २०८१/०९/०४

## पुरानो भवनको काठ तथा जस्तापाताको लिलाम बढाबढको सूचना

*प्रथम पटक प्रकाशित मिति २०८१।०९।०४ गते (नेपाल संवत्: ११४५ थिँलागा ४, विहिबार)*

चिशंखुगढी गाउँपालिका वडा नं. ५ स्थित सेर्ना स्वस्थ्य चौकीको पुरानो भवन लिलाम गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ। यस दरभाउपत्रमा सहभागी हुन चाहने इच्छुक व्यक्ति, फर्म वा संस्थाले सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र तपसिल बमोजिमको शर्तको अधिनमा रही सिलबन्दी पत्र पेश गर्न हुन सम्बन्धित सवैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

**तपसिल**

१. आफुले कबोल गरेको रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई सहिछाप गरी आफै वा आफ्नो प्रतिनिधिद्वारा सिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

२. यस कार्यालयको छाप एवं कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीको सहिछाप नभएको लिलाम खरिद आवेदन पत्रलाई मान्यता दिइने छैन साथै म्याद नाघी वा रित नपुगी प्राप्त भएको पत्र उपर कारबाही हुने छैन।

३. लिलाम आवेदनपत्र दाखिला गर्ने मितिः २०८१।०९।११ को दिउसो १२:०० बजेसम्म हुनेछ।

४. लिलाम बढिबढाउको सिलबन्दी पत्र चिशंखुगढी गाउँपालिकाको कार्यालय, सेर्नामा सूचना प्रकाशन भएको मितिको सातौं दिन (मितिः २०८१।०९।११) (विदा भएको खण्डमा आठौ दिन) को दिउसो २:०० बजे खोलिने छ। सिलबन्दी पत्र खोल्ने समयमा सिलबन्दीतादा स्वयं वा निजको प्रतिनिधि उपस्थित नभएमा सिलबन्दी खोल्न बाधा पुग्ने छैन। सिलबन्दी स्वीकृत गर्ने, नगर्ने वा आंशिक स्वीकृत गर्ने अधिकार गाउँपालिकाको कार्यालयमा निहित रहने छ।

५. बढीबढाउमा रितपूर्वक बढी अंक कबोल गरी स्वीकृत भएको सिलबन्दीदाताले स्वीकृत भएको सूचना प्रकाशन भएको ३ (तीन) दिन भित्र कबोल रकम एकमुष्ट रुपमा दाखिला गरी संझौता गर्नुपर्ने छ र तोकिएको समयभित्र संझौता नगरेमा नियम अनुसार हुनेछ।

६. यो सूचनामा उल्लेखित कुराहरु सूचना बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

| क्र.सं. | शीर्षक | न्यूनतम रकम | आवेदनपत्र खरिद दस्तुर |
|---|---|---|---|
| १ | सेर्ना स्वास्थ्य चौकीको पुरानो भवन लिलाम गर्ने काम | २०,०००/- (बीस हजार मात्र) | ५०० (पाँच सय मात्र) |

सिताराम राई
प्रमुख प्रशासकीय अधिकृत

ito.chishankhugadhimun@gmail.com chishankhugadhi@gmail.com